नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काभ्रेपलाञ्चोक

०११-४९०१२३
०११-४९०३२०
०११-४९०२२३
टे.फ्या.नं.०११-४९०२२३
E–mail : daokavre@gmail.com

प.सं.- ०७८/७९
च.नं.- ६५३८

मिती : २०७८।१०।२६

विषय : कोभिड-१९ रोकथाम, नियन्त्रण, उपचार तथा निदान कार्ययोजना, २०७८ पठाइएको।

श्री गृह मन्त्रालय,
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा यस जिल्लामा कोभिड-१९ रोकथाम, नियन्त्रण, उपचार तथा निदान गर्न जिल्ला संकट व्यवस्थापन केन्द्रद्वारा स्वीकृत कोभिड-१९ रोकथाम, नियन्त्रण, उपचार तथा निदान कार्ययोजना, २०७८ पाना-४ (चार) तहाँको जानकारीका लागि यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०७८/१०/२६
अमर दिप सुनुवार
सहायक प्रमुख जिल्ला अधिकारी

अमर दिप सुनुवार
सहायक प्र.जि.अ.

सादर अवगतार्थ:
श्री माननीय गृहमन्त्रीज्यूको सचिवालय, सिंहदरबार, काठमाडौं ।
श्रीमान् गृहसचिवज्यूको सचिवालय, सिंहदरबार, काठमाडौं ।

# काभ्रेपलान्चोक जिल्लामा कोभिड-१९ रोकथाम नियन्त्रण उपचार तथा निदान कार्ययोजना २०७८

**१. काभ्रेपलान्चोकमा कोभिड -१९ स्थिति समीक्षा :**

हाल कोभिड-१९ को संक्रमणले बिश्वव्यापीरुपमा जनस्वास्थ्यलगायत समग्र जनजीवनमा सङकट पैदा गरेको छ । यसको प्रभाव भारतलगायत दक्षिण एसियाली मुलुकमापनि तीव्रगतिमा फैलिएको छ ।समग्र नेपाल र यस काभ्रेपलाञ्चोक जिल्ला पनि यसको प्रभावबाट अछुतो रहेको छैन । यस जिल्लामा पहिलो लहरमा सङक्रमण दर, कडा पना तथा मृत्यु दर न्यून रहेको थियो भने अल्फा प्रजातिको बाहुल्यता थियो । पहिलो लहरमा ३३७२ जना संक्रमित भएका थिए भने ४४ जनाको दुखद् निधन भएको थियो । पहिलो लहरको तुलनामा दोश्रो लहरमा संक्रमण दर, कडा पना तथा मृत्यु दरमा बढोत्तरी भयो र डेल्टा प्रजातिको बाहुल्यता थियो । दोश्रो लहरमा ११४७६ जनामा संक्रमण भयो, अस्पताल भर्नाको दर पनि अत्याधिक भई ३२०७ जनाले अस्पतालमा भर्ना हुनु पर्‍यो । अस्पतालका बेडहरु अभाव हुन् पुग्यो र अस्पतालमा अक्सिजनको समेत अभाव हुन पुग्यो। कोभिड्को कारणबाट १४९ जनाले ज्यान समेत गुमाउनु पर्‍यो । यधपी यस जिल्लामा कोभिड्को बिरुद्धमा प्रतिकार्यलाई जबर्जस्त र निरन्तर रुपमा संचालन गरिएको थियो।

हाल डेल्टा प्रजाति सहित नयाँ प्रजाति ओमिक्रोंनको बाहुल्यता रहेको कोभिड संक्रमणबाट यस जिल्लामासमेत व्यापक संक्रमण र स्वास्थ्य सेवामा ठूलो दबाब सिर्जना भई रहेको छ । ओमिक्रोंनको संक्रमण पछि हाल २४१० जनालाई संक्रमण भएको र २ जनाको मृत्यु समेत भएको छ । हाल जनस्वास्थ्यका मापदण्डलाई जोडदिँदै १८ वर्ष माथिको जनसमुदायमा खोपको पहिलो मात्रा लाई ८०% भन्दा माथि र खोप लगाएको मध्य ९५% ले दोश्रो मात्रा समेत लगाई सकेको अवस्था छ । हाल १२ देखि १७ वर्षको बालबालिकाको लागि खोप अभियान सञ्चालन भई रहेको र १८ वर्ष माथिका जनसमुदायको लक्षित समुदायमा बुस्टर खोप अभियानलाई समेत निरन्तर दिईएको छ । साथै, हाल थप अक्सिजन प्लान्ट, अक्सिजन कन्सनट्रेटर, अक्सिजन सिलिन्डर, मास्क, स्यानिटैजर लगायत अन्य आवश्यक आपूर्ति ब्यवस्थापनलाई तयारी अवस्थामा राखिएको छ ।

यस सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, उपचार र निदानसम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित गरी नागरिकहरुको जीवन रक्षा गर्नु र सबै सार्वजनिक निकायहरुको सेवा प्रवाह प्रभावकारी बनाउन अति आवश्यक रहेकोले कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान तथा उपचार कार्ययोजना २०७८ तयार गरिएको छ ।

२. उदेश्य :

काभ्रेपलान्चोक जिल्लामा कोभिड–१९ संक्रमण रोकथाम र नियन्त्रण गरी संक्रमितहरुको उपचारलाई प्रभावकारी बनाउदै नागरिकहरुको स्वास्थ्य सुरक्षा प्रदान गर्ने र सार्वजनिक निकायहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

३. चुनौतीहरु :

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ संक्रमण रोकथाम तथा नियन्त्रण गरी संक्रमितहरुको उपचारलाई प्रभावकारी बनाई यस जिल्लालाई कोभिड–१९ संक्रमण शुन्य बनाउन देहायबमोजिम चुनौतीहरु रहेका छन्ः–

क) कोभिड–१९ सम्बन्धी जनस्वास्थ्य मापदण्ड परिपालना कमजोर हुनु ।

ख) सार्वजनिक स्थल तथा यातायातहरुमा भीडभाड अत्यधिक रहनू ।

ग) राजनीतिक, सामाजिक एवं सांस्कृतिक जमघट तथा भेटघाट भैरहनू ।

घ) कोभिड–१९ विरुद्धको खोपको पहुँच सबै उमेर समुहका नागरिकहरुमा पुऱ्याउन नसक्नु ।

४. कार्ययोजना :

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ संक्रमण रोकथाम तथा नियन्त्रण गर्न देहायबमोजिमको प्रमुख क्रियाकलाप, जिम्मेवार निकाय, सहयोगी निकाय समेत पहिचान गरी देहायबमोजिम कार्ययोजना तर्जुमा गरिएको छ :

| क्र.स. | प्रमुख कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|
| क. कोभिढ–१९ रोकथाम, नियन्त्रण, उपचार र निधान | | | | |
| १. | जनस्वास्थ्य मापदण्ड सचेतना तथा पालना सम्बन्धी । | १.जिल्ला प्रहरी कार्यालय<br>२. स्थानीय तह (स्वास्थ्य शाखा) | १. नेपाल रेडक्रस सोसाईटी<br>२. स्वास्थ्य संस्थाहरु<br>३. सञ्चार माध्यम<br>४. राजनीतिक दल र नागरिक समाज | निरन्तर |
| २. | जिल्ला प्रवेश विन्दुमा हेल्थ डेस्क स्थापना र सञ्चालन । | १. स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक<br>२.जिल्ला प्रहरी कार्यालय | १.स्थानीय तह (स्वास्थ्य शाखा)<br>२.नेपाल रेडक्रस सोसाईटी<br>३. स्वास्थ्य संस्थाहरु | निरन्तर |
| ३. | कोभिड १९ विरुद्धको खोप कार्यक्रम सञ्चालन | १. स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक<br>२. स्थानीय तह (स्वास्थ्य शाखा) | १. जिल्ला प्रहरी कार्यालय<br>२. स्वास्थ्य संस्थाहरु<br>३. सञ्चार माध्यम | निरन्तर |
| ४. | कोभिड १९ परीक्षण व्यवस्थापन । | १.प्रादेशिक प्रयोगशाला<br>२. स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक शाखा)<br>३. धुलिखेल अस्पताल | १. स्थानीय तह (स्वास्थ्य शाखा)<br>२. स्वास्थ्य संस्थाहरु | निरन्तर |
| ५. | आइसोलेशन तथा क्वारेन्टाइन व्यवस्थापन । | १. स्थानीय तहहरु<br>२.स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक | १. जिल्लास्थित सुरक्षा निकायहरु<br>२. स्थानीय तह (स्वास्थ्य शाखा)<br>३. स्वास्थ्य संस्थाहरु<br>४. सामाजिक संघ संस्थाहरु | आवश्यकता अनुसार |
| ६. | स्मार्ट लकडाउन व्यवस्थापन तथा कार्यान्वयन । | १. जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोक<br>२. जिल्ला संकट व्यवस्थापन केन्द्र | १.जिल्ला प्रहरी कार्यालय<br>२. स्थानीय तह (नगरपालिका तथा गाउँपालिका)<br>३. उद्योग वाणिज्य संघ | आवश्यकता अनुसार |
| ७. | कोभिड १९ संक्रमितहरुको उपचार व्यवस्थापन । | १.स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक | १. जिल्ला स्थित सुरक्षा निकायहरु<br>२.नेपाल रेडक्रस सोसाईटी | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| | | २. धुलिखेल अस्पताल लगायत अन्य अस्पतालहरु<br>३. स्थानीय तहहरु (नगरपालिका तथा गाउँपालिका) | ३. स्वास्थ्य संस्थाहरु | |
| ८. | अक्सिजन, औषधि तथा अन्य स्वास्थ्य सामग्री व्यवास्थापन । | १. स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक<br>२. स्थानीय तह (स्वास्थ्य शाखा)<br>३. अक्सिजन उद्योग<br>४. औषधि उद्योग तथा वितरक | १. सुरक्षा निकायहरु<br>२. स्वास्थ्य संस्थाहरु<br>३. नेपाल रेडक्रस सोसाईटी | आवश्यकता अनुसार |
| ९. | एम्बुलेन्स सेवा व्यवस्थापन । | १. स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक<br>२. स्थानीय तह (स्वास्थ्य शाखा)<br>३. धुलिखेल अस्पताल लगायत अन्य अस्पतालहरु | १. स्वास्थ्य संस्थाहरु<br>२. नेपाल रेडक्रस सोसाईटी | आवश्यकता अनुसार |
| १०. | कोभिड १९ संक्रमित शव व्यवस्थापन । | १. नेपाली सेना (कालीजंग गण)<br>२. स्थानीय तहहरु (नगरपालिका तथा गाउँपालिका)<br>३. धुलिखेल अस्पताल लगायत अन्य अस्पतालहरु | १. उद्योग वाणिज्य संघ<br>२. नेपाल रेडक्रस सोसाईटी | आवश्यकता अनुसार |
| ११. | कोभिड १९ संक्रमित भएका व्यक्तिहरुका लागि मनोपरामर्श सेवा व्यवस्थापन । | १. स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक<br>२. स्थानीय तह (स्वास्थ्य शाखा)<br>३. धुलिखेल अस्पताल लगायत अन्य अस्पतालहरु | १. स्वास्थ्य संस्थाहरु<br>२. नेपाल रेडक्रस सोसाईटी<br>३. सामाजिक संघ संस्था | आवश्यकता अनुसार |
| १२. | कोभिड-१९ स्वास्थ्य सुरक्षा तालिम तथा अनुशिक्षण सञ्चालन । | १. स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक<br>२. स्थानीय तह (स्वास्थ्य शाखा)<br>३. धुलिखेल अस्पताल लगायत अन्य अस्पतालहरु | १. स्वास्थ्य संस्थाहरु<br>२. नेपाल रेडक्रस सोसाईटी<br>३. सामाजिक संघ संस्था | आवश्यकता अनुसार |
| १३. | कोभिड-१९ सम्बन्धी तथ्याङ्क तथा प्रतिवेदन व्यवास्थापन । | १. जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र काभ्रेपलान्चोक<br>२. स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक | १. स्थानीय तह (स्वास्थ्य शाखा)<br>२. धुलिखेल अस्पताल लगायत अन्य अस्पतालहरु | निरन्तर |
| १४. | कोभिड-१९ कोष व्यवस्थापन तथा सञ्चालन । | १. स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक<br>२. स्थानीय तहहरु (नगरपालिका तथा गाउँपालिका) | १. स्थानीय तह (स्वास्थ्य शाखा)<br>२. धुलिखेल अस्पताल लगायत अन्य अस्पतालहरु | आवश्यकता अनुसार |
| १५. | विकास साझेदार संघ संस्थाबाट प्राप्त स्वास्थ्य सामग्री तथा उपकरण व्यवस्थापन तथा वितरण । | १. जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोक<br>२.जिल्ला संकट व्यवस्थापन केन्द्र | १. स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक<br>२. स्थानीय तह (स्वास्थ्य शाखा) | आवश्यकता अनुसार |
| १६. | राहात व्यवस्थापन तथा वितरण | १.जिल्ला संकट व्यवस्थापन केन्द्र<br>२. स्थानीय तहहरु (नगरपालिका तथा गाउँपालिका) | १.उद्योग वाणिज्य संघ<br>२. नेपाल रेडक्रस सोसाईटी<br>३. सामाजिक संघ संस्था | |
| १७. | कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार कार्यको समन्वय, अनुगमन तथा गुनासो व्यवस्थापन । | १. जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोक<br>२.जिल्ला संकट व्यवस्थापन केन्द्र | १. स्वास्थ्य कर्यालय काभ्रेपलाञ्चोक<br>२. स्थानीय तह (स्वास्थ्य शाखा)<br>२. धुलिखेल अस्पताल लगायत अन्य अस्पतालहरु | निरन्तर |
| १८. | रक्तदान व्यवस्थापन सम्बन्धी | १. नेपाली रेडक्रस सोसाइटी | १. स्वास्थ्य संस्थाहरु | आवश्यकता |

| | | | | |
|---|---|---|---|---|
| | कार्यहरु । | | २. सामाजिक संघ संस्था | अनुसार |
| १५. | खोपको पहुँच नपुगेका व्यक्तीहरुलाई खापको व्यवस्थापन । | १. स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक<br>२. स्थानीय तहहरु (नगरपालिका तथा गाउँपालिका) | १. स्थानीय तह (स्वास्थ्य शाखा)<br>२. धुलिखेल अस्पताल लगायत अन्य अस्पतालहरु | आवश्यकता अनुसार |
| ख. सार्वजनिक निकायको सेवा प्रवाह व्यवस्थापन | | | | |
| १. | कार्यालयहरुका कर्मचारी तथा सेवाग्राहीहरुले जनस्वास्थ्य मापदण्ड पालना गर्ने । | १. सबै सार्वजनिक निकायहरु | १. नेपाल प्रहरी<br>२. नेपाल रेडक्रस सोसाइटी<br>३. स्वास्थ्य संस्थाहरु | निरन्तर |
| २. | कोभिड-१९ विरुद्धको खोप लगाउने तथा खोप कार्ड व्यवस्थापन । | १. सबै सार्वजनिक निकायहरु | १. नेपाल प्रहरी<br>२. नेपाल रेडक्रस सोसाइटी<br>३. स्वास्थ्य संस्थाहरु | निरन्तर |
| ३. | कोभिड-१९ संक्रमण समयको तत्कालिन निकायगत कार्ययोजना तर्जुमा तथा कार्यान्वयन । | १. सबै सार्वजनिक निकायहरु | १. नेपाल प्रहरी<br>२. नेपाल रेडक्रस सोसाइटी<br>३. स्वास्थ्य संस्थाहरु | निरन्तर |
| ४. | कार्यालयको सेवा प्रवाह ~~संकुचन~~ व्यवस्थापन । | १. जिल्ला संकट व्यवस्थापन केन्द्र काभ्रेपलाञ्चोक । | १. सबै सार्वजनिक निकायहरु | आवश्यकता अनुसार |

५. अपेक्षित नतिजा :

यस जिल्लामा यसै बमोजिमको कार्ययोजना कार्यान्वयन गरिएमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण, उपचार र निधान सम्बन्धी सम्पूर्ण कार्यहरु प्रभावकारी भई सम्पूर्ण नागरिकहरुको स्वास्थ्य सुरक्षा कायम भएको हुनेछ साथै सबै सार्वजनिक निकायहरुबाट प्रदान गरिने सेवा प्रवाह प्रभावकारी भएको हुनेछ ।